
apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



विद्यालयले अभिभावकलाई पठाउन थाले सरकारले बढाएको **३ प्रतिशत शुल्क** पनि तिर्नुपर्ने **'नोटिस'**

समाचार २ पृष्ठ

● वर्षः १२ ● अंकः १७७ ● पृष्ठः ४ ● ३० असार २०८३ मंगलबार (14 July 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मधेश परीक्षणको थलो बन्नुहुँदैन: मन्त्री थापा

**शुभ नारायण कामती**
**सिरहा, असार २९ गते**




मधेश प्रदेश श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले मधेश प्रदेशलाई राजनीतिक परीक्षणको थलो बन्न नदिन सबै पक्ष जिम्मेवार हुनुपर्ने बताएकी छन्।

मधेश प्रदेशका आठ जिल्लाका पत्रकारहरूको सहभागितामा आयोजित 'आचारसंहिताको प्रभावकारी कार्यान्वयन पालनाका लागि पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिहरुसंग छलफल र अन्तरक्रिया कार्यक्रममा' बोल्दै मन्त्री थापाले सरकारको निरन्तर फेरबदलतर्फ संकेत गर्दै मधेशलाई प्रयोगशाला बनाउने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताइन्।

उनले मधेश सरकारको अस्थिरताप्रति टिप्पणी गर्दै सरकार परिवर्तनको निश्चितता नरहँदा विकास र सुशासन प्रभावित हुने अवस्था सिर्जना भएको उल्लेख गरिन्। "मधेश परीक्षणको थलो बन्नुहुँदैन," उनले भनिन्।

मधेश प्रदेश मिडिया काउन्सिलद्वारा आयोजित कार्यक्रममा मन्त्री थापाले पत्रकारिता समाज रूपान्तरणको महत्वपूर्ण माध्यम भएको उल्लेख गर्दै आचारसंहिताको प्रभावकारी पालना पत्रकार स्वयंले गर्नुपर्नेमा जोड दिइन्। पत्रकारको कलमले समाजमा समानता, सचेतना र उत्तरदायित्व प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै उनले सत्य, तथ्य र निष्पक्षतामा आधारित सशक्त पत्रकारिता गर्न आग्रह गरिन्।

संघीयतामाथि विभिन्न कोणबाट प्रश्न उठिरहेको उल्लेख गर्दै मन्त्री थापाले संघीय व्यवस्थाको संरक्षणका लागि सबै राजनीतिक तथा सामाजिक पक्ष एकजुट हुनुपर्ने बताइन्। संघीयताकै कारण महिला, दलित, गरिब तथा सीमान्तकृत समुदायको न्याय र अवसरमा पहुँच विस्तार भएको उनको भनाइ थियो।

बाँकी पृष्ठ २

## बलात्कार मुद्दाका अभियुक्त एचआईभी संक्रमित देखिएपछि थप सजाय

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २९ गते**




१७ वर्षीया एक किशोरीलाई जबर्जस्ती करणी गरेको आरोपमा दोषी ठहर एक व्यक्ति एचआईभी पोजेटिभ देखिएपछि थप सजाय भएको छ।

जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रहरीसमेत रहेका २२ वर्षीय ति युवकलाई जिल्ला अदालत धनुषाले तोकिएको सजायभन्दा दुईवर्ष बढी कैद र थप जरिवानाको आदेश गरेको हो।

न्यायाधीश कपिलमणि गौतमको इजलासले एचआईभी संक्रमित समेत रहेका प्रतिवादी नगरप्रहरीलाई अपराध अनुसार तोकिएको ११ वर्ष र थप दुई वर्ष गरी १३ वर्ष कैदको फैसला सुनाएको हो।

जनकपुरधामस्थित एक निजी विद्यालयबाट सर्टिफिकेट लिन आएकी ती बालिकालाई ललाई-फकाई युवकले कोठामा लगी जबरजस्ती करणी गरेको भन्दै पीडितका परिवारले मुद्दा दर्ता गरेका थिए।

घटना हुनुभन्दा करिब १५ दिन अगाडिमात्र पीडित किशोरी र प्रतिवादी नगरप्रहरीबीच चिनजान भएको थियो। पीडितले दिएको बयान अनुसार हजुरबुवाको उपचारको लागि अस्पतालमा गएकोमा नगरप्रहरीसँग चिनजान भएको थियो।

हजुरबुवाको रिपोर्ट छिटो मगाइ दिनेभन्दै उनले किशोरीको मोबाइल नम्बर लिएका थिए। नम्बर आदानप्रदानपछि दुवै जनाबीच ह्वाट्सएप मार्फत संवाद गर्दै नजिकिएका थिए।

सर्टिफिकेट लिन जनकपुर आएकोबेला ललाई-फकाई अजन्ता होटेलको कोठामा पुर्‍याइ डर त्रास

बाँकी पृष्ठ ३

## मधेश प्रदेशमा खाल्डाले लिँदैछ बर्सेनि सय बढी बालबालिकाको ज्यान

**शैलेन्द्र महतो**
**जनकपुरधाम, असार २९ गते**



सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चोक चोहर्वामा रहेको पशु हाटबजारनजिक खाल्डोमा जमेको पानीमा आइतवार एकै परिवारका तीन बालबालिका अस्ताए।

मृत्यु हुनेमा कवाड तथा प्लास्टिकका टुक्रा संकलन गरेर जीविकोपार्जन गर्ने स्थानीय अवास शेख र सबिनाका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख छन्।

सबिना गोलबजारमा एक घर भाडामा लिएर पाँच सन्तानलाई साथै राखेर कवाड संकलन गर्दै परिवारको गुजारा चलाउँदै आइरहेकी थिइन्। उनका श्रीमान् शारीरिक रुपमा अशक्त भएकाले रौटहटस्थित घरमै छन्।

आइतबार बिहानै खाना खाइसकेपछि जेठी छोरो सबनमसँग कवाड तथा प्लास्टिक संकलन गर्ने तयारी गरेकी थिइन्।

विद्यालय बिदा भएकाले अरु छोराछोरी खेल्न बाहिर निस्किएका थिए। केहीबेरमै छोराछोरी पानी जमेको खाल्डोमा फसेको खबर पाइन्। रोइकराइ गर्न थालिन्। स्थानीय जुटिहाले, खोजी सुरु गर्न थाले।

सुरुमा स्थानीयले एक जनामात्रै डुबेको खबर पाएका थिए। खोजी गर्दा अन्य दुई बालबालिकाको शव पनि सोही खाल्डोमा फेला पर्‍यो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार उक्त खाल्डो वर्षौदेखि गाईवस्तुलाई पानी खुवाउन प्रयोग हुँदै आएको हो।

बाँकी पृष्ठ ३

## होलिडङ सेन्टर पुगेर शिक्षामन्त्री पोखरेलले बालबालिकालाई दिए शैक्षिक सामग्री

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २९ गते**



शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सुकुम्बासी बस्तीबाट विस्थापित भई होल्डिङ सेन्टरमा रहेका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेका छन्।

मन्त्री पोखरेलले सोमबार भक्तपुरको खरिपाटी र बोडेस्थित होल्डिङ सेन्टरमा रहेका बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरेका हुन्।

कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा बाढी पसेपछि त्यहाँ बसोबास गर्दै आएका परिवारलाई अहिले भक्तपुरका दुई ठाउँमा स्थानान्तरण गरिएको थियो।

स्थानान्तरण गरेसँगै आइतबार ६ जना मन्त्रीहरू होल्डिङ सेन्टरमा पुगेर सरकारले सुकुम्बासीहरूलाई भूमि दिलाउने आवश्वासन दिएको थियो।

साथै, सोमबार फेरि मन्त्री पोखरेल होल्डिङ सेन्टरमा पुगेर आवश्यक शैक्षिक सामग्री वितरण गरेका हुन्।

मन्त्रालयका अनुसार बालबालिकाहरूलाई झोला, कापी, कलम, किताब लगायत सामान दिइएको छ। त्यस्तै, उनले खेलकुदका सामग्री पनि वितरण गरेका हुन्।

मन्त्री पोखरेलसँगै शिक्षा तथा मानव स्रोत विकास केन्द्रका प्रतिनिधिहरू पनि होल्डिङ सेन्टरमा पुगेका थिए।

बालबालिकाहरूले आवश्यक किताब समेत माग गरेका छन्।

बाँकी पृष्ठ ४

## मधेशमा २० प्रतिशत घरधुरीले मात्र पाउँछन् सुरक्षित खानेपानी



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २९ गते**

मधेश प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनको अवस्था चुनौतीपूर्ण रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ।

विकास, आर्थिक मामिला तथा सुशासन समितिले तयार पारेको अध्ययन प्रतिवेदनको मस्यौदामाथि छलफल गर्दै सोमबार मधेशमा करिब २० प्रतिशत घरधुरीमा मात्र सुरक्षित खानेपानीको पहुँच रहेको जानकारी दिइएको हो।


समितिको बैठकमा समिति सचिव डा. रोजनाथ पाण्डेले प्रस्तुत गरेको प्रतिवेदनअनुसार गत वर्षको खडेरीसँगै मधेशका विभिन्न क्षेत्रमा हैजा लगायतका रोगको प्रकोप बढेको, खानेपानीको अभाव देखिएको र सरसफाइ व्यवस्थापन कमजोर रहेको उल्लेख छ।

प्रतिवेदनमा मधेश प्रदेशको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था, भूमिगत जलको अवस्था, खडेरी प्रभावित समुदायको अवस्था,

बाँकी पृष्ठ ४

## जनकपुर उपमहानगरले ल्यायो २ अर्ब ६५ करोडको बजेट

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २९ गते**



जनकपुरधाम उपमहानगरपालिकाले कानुनी समयसीमा नाघेर आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक बजेट सार्वजनिक गरेको छ।

स्थानीय सरकारहरूले असार १० गतेभित्रै बजेट ल्याइसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भए पनि उपमहानगरपालिकाले १९ दिन ढिला गरी असार २९ गते मात्र नगरसभामा बजेट प्रस्तुत गरेको हो।

चालु आर्थिक वर्ष समाप्त हुन केही दिन मात्र बाँकी छँदा नगरप्रमुख मनोजकुमार साहले आगामी आर्थिक वर्षका लागि २ अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैंयाको बजेट नगरसभामा प्रस्तुत गरे।

नयाँ आर्थिक वर्ष सुरु हुनु अगावै बजेट पारित भई साउन १ गतेदेखि नै खर्च गर्ने बाटो खुलोस् र विकास निर्माणका कार्यहरू सुचारु रूपमा अगाडि बढ्न सकून् भन्ने उद्देश्यले

बाँकी पृष्ठ २



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

## सम्पादकीय...

### विरोध गर्न ज्यान नदेउ

लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति नागरिकको आवाज हो। नागरिकले राज्यका निर्णय, नीति, कमजोरी र बेथितिप्रति असहमति जनाउने अधिकार लोकतान्त्रिक संविधानले सुनिश्चित गरेको छ। सडक प्रदर्शन, धर्ना, जुलुस, ज्ञापनपत्र, सार्वजनिक बहस, लेखन, सामाजिक सञ्जाल वा अन्य शान्तिपूर्ण माध्यमबाट विरोध गर्नु लोकतन्त्रको स्वाभाविक अभ्यास हो। यस्ता आवाजलाई राज्यले सुन्नु र सम्मान गर्नु लोकतान्त्रिक शासनको आधारभूत दायित्व हो। पछिल्लो समय काठमाडौंमा गणेश नेपालीको आत्महत्यापछि देशभर विभिन्न प्रतिक्रिया र बहस देखिएका छन्। यस घटनाले राज्यप्रतिको जनअसन्तुष्टि, नागरिकको निराशा र शासनप्रणालीप्रतिको विश्वासबारे गम्भीर प्रश्न उठाएको छ। यस्ता घटनालाई केवल व्यक्तिगत निर्णयका रूपमा मात्र होइन, समाज र राज्य दुवैले आत्मसमीक्षा गर्ने अवसरका रूपमा पनि हेर्न आवश्यक छ। राज्यले नागरिकका गुनासा समयमै सुन्न सकेन, न्याय र सेवा प्रभावकारी रूपमा दिन सकेन, भ्रष्टाचार, ढिलासुस्ती र बेथितिलाई नियन्त्रण गर्न सकेन भने नागरिकमा निराशा बढ्नु स्वाभाविक हो। लोकतान्त्रिक सरकारको जिम्मेवारी शासन चलाउनु मात्र होइन, नागरिकलाई आशा, विश्वास र न्यायको अनुभूति गराउनु पनि हो। जनताको पीडा र असन्तुष्टिलाई बेवास्ता गर्नु कुनै पनि जिम्मेवार राज्यका लागि उचित हुँदैन।

कुनै पनि असन्तुष्टि, आक्रोश वा विरोध व्यक्त गर्ने माध्यम आफ्नो जीवन समाप्त गर्नु हुन सक्दैन। जीवनभन्दा मूल्यवान् अर्को कुनै राजनीतिक सन्देश हुँदैन। परिवर्तनका लागि संघर्ष आवश्यक हुन सक्छ, तर त्यो संघर्षले जीवनको रक्षा गर्दै समाजलाई सकारात्मक दिशामा लैजानुपर्छ। लोकतन्त्रमा परिवर्तनका लागि नागरिकसँग मतदान, संगठन, शान्तिपूर्ण आन्दोलन, सार्वजनिक बहस र कानुनी प्रक्रियाजस्ता धेरै प्रभावकारी माध्यम उपलब्ध छन्। यस्ता दुःखद घटनापछि समाज र सञ्चारमाध्यमको भूमिका पनि जिम्मेवार हुनुपर्छ। घटनालाई सनसनीपूर्ण बनाउने, भावनात्मक रूपमा प्रस्तुत गर्ने वा कुनै व्यक्तिको मृत्युबाट बलिदानको सन्देश जाने वातावरण सिर्जना गर्नु उचित होइन। बरु त्यस्ता घटनाले किन यस्तो अवस्था आयो, राज्यले कहाँ सुधार गर्नुपर्छ र समाजले कसरी जीवनप्रति आशा जगाउने वातावरण बनाउन सक्छ भन्ने विषयमा बहस केन्द्रित हुनुपर्छ।

नेपाललाई आवश्यक परेको कुरा नागरिकको आवाज दबाउने राज्य होइन, त्यो आवाज सुन्ने राज्य हो। त्यस्तै, निराशालाई मृत्युमा होइन, परिवर्तनको अभियानमा रूपान्तरण गर्ने नागरिक चेतना पनि आवश्यक छ। लोकतन्त्रको सार विरोध गर्ने अधिकार र जीवनको सम्मान दुवैलाई समान रूपमा सुरक्षित राख्नुमा छ। बेथितिविरुद्ध आवाज उठाऔं, अन्यायविरुद्ध उभिऔं, राज्यलाई जवाफदेही बनाऔं। तर प्रत्येक संघर्षको केन्द्रमा मानव जीवनको सम्मान रहनुपर्छ। किनभने लोकतन्त्रको अन्तिम उद्देश्य पनि नागरिकको जीवन, स्वतन्त्रता र गरिमाको रक्षा गर्नु नै हो। यो सारभूत कुरालाई हरेक व्यक्तिले बुझ्न जरुरी छ। जीवन रक्षाको लागि विश्वभर नै शान्तिपूर्ण आन्दोलन भएको छ। त्यही भएर शान्तिपूर्ण रुपमा आफ्नो विरोध प्रकट गर्नुपर्छ। जसले राज्यलाई दबाबसंगै अभिभावकीय भूमिका निर्वाह गर्नमा मद्दत मिल्न सक्छ।

### मधेश परीक्षणको थलो बन्नुहुँदैन .............


कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, लेखा समिति संयोजक केसी लामिछाने, केन्द्रीय सदस्यहरू राजेशकुमार कर्ण र राजकरण महतो, तथा प्रदेश अध्यक्ष श्याम बञ्जराले पत्रकारिताको विश्वसनीयता कायम राख्न आचारसंहिताको पूर्ण पालना अपरिहार्य रहेको बताए। उनीहरूले बदलिँदो सञ्चार परिवेश र तीव्र रूपमा विकसित भइरहेको प्रविधिको प्रयोगसँगै सत्य, तथ्य र नागरिकप्रति उत्तरदायी पत्रकारितालाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिए।

मधेश प्रदेश मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष वन्दना झाले प्रदेशका पत्रकार तथा पत्रकारिताको व्यावसायिक विकास, क्षमता अभिवृद्धि र हित संरक्षणका लागि काउन्सिल सक्रिय रूपमा काम गरिरहेको जानकारी दिइन्।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

# विद्यालयले अभिभावकलाई पठाउन थाले सरकारले बढाएको ३ प्रतिशत शुल्क पनि तिर्नुपर्ने 'नोटिस'

सञ्जिता देवकोटा



नयाँ आर्थिक वर्ष सुरु हुनै लाग्दा विद्यालयहरूले अभिभावकलाई सरकारले बढाएको थप ३ प्रतिशत शुल्क पनि तिर्नुपर्ने नोटिस पठाउन थालेका छन्।

सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत शिक्षा ३ प्रतिशत समता शुल्क नाम दिएर नयाँ कर लाग्ने व्यवस्था गरेपछि विद्यालयहरूले अभिभावकलाई नोटिस पठाउन थालेका हुन्।

निजी विद्यालयले अभिभावकलाई पठाएको नोटिसमा भनिएको छ 'यस करका सम्बन्धमा निजी विद्यालय तथा अभिभावककोतर्फबाट सम्बन्धित निकायमा पुनर्विचारका लागि अनुरोध गरिएको भए पनि अहिलेसम्म कुनै परिवर्तन नभएकाले विद्यालय सरकारको प्रचलित कानुन र नियमअनुसार अगाडि बढ्न बाध्य भएको छ।'

नोटिसमा विद्यालयहरूले यो कर सबै शैक्षिक शुल्कमा लागू हुने भनेको छ भने समयमै शुल्क तिर्न समेत अनुरोध गरेको छ।

उदाहरणका लागि यदि कुनै अभिभावकले १० हजार मासिक शुल्क पर्ने विद्यालयमा आफ्नो बालबालिका पढाउँछन् भने साउनदेखि थप ३ सय रुपैयाँ कर सरकारलाई तिर्नुपर्छ।

समयमा कर दाखिला नगर्दा २५ प्रतिशत जरिवाना लाग्ने व्यवस्था भएको भन्दै विद्यालयहरूले समयमै शुल्क र करबापतको रकम पनि तिरेर जरिवानाबाट बच्न भनेको छ।

अर्थात् अब अभिभावकले कुनै कारणले समयमा विद्यालयलाई शुल्क बुझाउन पाएनन् भने जरिवानाबापत थप २५ प्रतिशत लाग्नेछ।

निजी विद्यालयबाट उठाइएको यो करको रकम दुर्गम र विपन्न वर्गका विद्यार्थीको शैक्षिक विकास, पूर्वाधार निर्माण र छात्रवृत्तिमा खर्च गर्ने सरकारले बताएको छ।

**विद्यालयमा मात्रै होइन, निजी विश्वविद्यालय पढ्ने विद्यार्थीले पनि तिर्नुपर्छ यो शुल्क**

आर्थिक विधेयकको अनुसूची-७ मा समता शुल्कसम्बन्धी व्यवस्था गरिएको छ। विधेयकको दफा १ मा व्यवस्था गरिएअनुसार निजीक्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा ३ प्रतिशतका दरले शिक्षा समता शुल्क लगाई असुलउपर गरिने व्यवस्था गरिएको छ।

विधेयकअनुसार अब विद्यालयमा मात्रै होइन, तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने संस्थाबाहेक निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालयलगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकायमा अध्ययन गर्ने विद्यार्थीहरूले यो शुल्क तिर्नुपर्नेछ।

तर, गैरनाफा नभई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित शिक्षण संस्थालाई भने यो शिक्षा समता शुल्क लाग्ने छैन।

**कर नबुझाए जरिवाना**

नियमअनुसार अभिभावकबाट उठाइएको शिक्षा समता शुल्क विद्यालयले प्रत्येक चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।

कुनै विद्यालयले तोकिएको म्यादभित्र कर दाखिला नगरेमा त्यस्तो बाँकी रकममा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ। त्यसैगरी, विवरण दाखिला नगरेमा प्रतिविवरण एक हजार रुपैयाँका दरले विद्यालयबाट असुलउपर गर्ने व्यवस्थासमेत गरिएको छ।

कुनै शिक्षण संस्थाले कर छलेको पाइएमा कर अधिकृतले आफैं शिक्षा समता शुल्क निर्धारण गर्न सक्नेछन्। यसरी कर छली गरेको प्रमाणित भएमा कर अधिकृतले शुल्कको २५ प्रतिशतले हुने रकम जरिवानासमेत गर्न सक्ने व्यवस्था छ।

यही व्यवस्थाअनुसार विद्यालयले अभिभावकलाई समयमा शुल्क नबुझाए जरिवानास्वरुप थप २५ प्रतिशत लाग्ने कुरासमेत जानकारी गराएका छन्, जसले संस्थागत विद्यालयमा छोराछोरी पढाउने मध्यम वर्गीय परिवारकै ढाड सेकिने भएको छ।

**समता शुल्क खारेज गर्न निजी शैक्षिक संस्थाको माग**

सरकारले शिक्षामा लगाएको यो शुल्क खारेज गर्न निजी शैक्षिक संस्थाहरूले नै माग गर्दै आएका छन्।

आइतबार निजी विद्यालय सञ्चालकहरूको छाता संगठन प्याब्सन, एनप्याब्सन, हिसान र अपेनले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै यस विषयमा सरकारसमक्ष ६ बुँदे गम्भीर ध्यानाकर्षण गराएका छन्।

विद्यार्थीबाट असुल गरिने सम्पूर्ण शैक्षिक शुल्कमा ३ प्रतिशत समता शिक्षा सेवा शुल्क लगाउने व्यवस्था व्यावहारिक, न्यायोचित तथा दीर्घकालीन रूपमा उपयुक्त नभएको भन्दै समता शिक्षा सेवा शुल्क कर खारेज गर्न माग गरेका हुन्।

सरकारले यसअघि पनि २०६६ सालमा निजी तथा आवासीय विद्यालयहरूले लिने शुल्कमा शिक्षा सेवा शुल्क लगाउने निर्णय गरेको थियो। सुरुमा यस्तो शुल्क ५ प्रतिशत तोकिएको थियो। तर, यसको चौतर्फी विरोध भएपछि घटाएर १ प्रतिशतमा झारेको थियो।

त्यो बेलामा पनि निजी विद्यालय सञ्चालकहरूका छाता संगठनहरू प्याब्सन, एनप्याब्सनलगायतले सडकदेखि सदनसम्म व्यापक विरोध गरेका थिए।

यस्तै, विदेश पढ्न जाने विद्यार्थीहरूको हकमा भने सरकारले त्यो बेलादेखि नै लगाएको करलाई निरन्तरता दिँदै आएको छ, जसबाट सरकारले प्रत्येक वर्ष अर्बौं रुपैयाँ राजस्व उठाउँदै आएको छ।

पछिल्लो तथ्यांकअनुसार देशभर अहिले १० हजार ४७१ निजी विद्यालयहरू रहेका छन्। यी विद्यालयमा मात्रै झण्डै ३७ लाख ४१ हजार विद्यार्थी अध्ययन गरिरहेका छन्।

## आजको राशिफल

**मेष :** नयाँ कामको थालनी गर्नका लागि आजको दिन निकै राम्रो छ।

**बृष :** आर्थिक दृष्टिकोणले आजको दिन लाभदायी रहनेछ। धन सञ्चय गर्ने अवसर मिल्नेछ भने रोकिएको धन फिर्ता हुन सक्छ।

**मिथुन :** आजको दिन तपाईंका लागि विशेष महत्त्वपूर्ण रहनेछ। मानसिक रूपमा प्रसन्नता र स्फूर्ति महसुस हुनेछ।

**कर्कट :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले बजेट बनाएर चल्नुहोला।

**सिंह :** आजको दिन आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। कार्यक्षेत्रमा सोचेभन्दा बढी लाभ मिल्न सक्छ।

**कन्या :** कार्यक्षेत्र र करियरका लागि आजको दिन अत्यन्तै शुभ छ। जागिरमा पदोन्नति वा नयाँ जिम्मेवारी मिल्ने योग छ।

**तुला :** भाग्यले साथ दिने हुनाले रोकिएका पुराना कामहरू स्वतः सुल्झिँदै जानेछन्।

**वृश्चिक :** आजको दिन अलि सतर्क रहनुहोला। स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ।

**धनु :** वैवाहिक जीवन र प्रेम सम्बन्धका लागि आजको दिन धेरै मधुर रहनेछ।

**मकर :** प्रतिस्पर्धी वा शत्रुहरूमाथि विजय प्राप्त हुनेछ। पुराना ऋण वा रोगहरूबाट मुक्ति मिल्ने समय छ।

**कुम्भ :** बौद्धिक र रचनात्मक काममा सफलता मिल्नेछ। विद्यार्थीहरूका लागि अध्ययन अध्यापनमा रुचि बढ्नेछ।

**मीन :** घरायसी वा पारिवारिक मामिलामा बढी समय बित्नेछ। आमाको स्वास्थ्यमा ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

### जनकपुर उपमहानगरले ल्यायो .............

असार १० गतेभित्र बजेट ल्याउनुपर्ने समयसीमा तोकिएको हुन्छ।

तोकिएको समयभित्र वार्षिक नीति, कार्यक्रम तथा बजेट सभामा पेस नगर्ने जनकपुरधाम सहितका स्थानीय तहहरूलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसअघि नै स्पष्टीकरण सोधिसकेको छ। स्पष्टीकरणको दबाब र कानुनी जटिलताबिच उपमहानगरपालिकाले ढिलो गरी बजेट ल्याएको हो।

ढिला गरी प्रस्तुत गरिएको यस बजेटमा आन्तरिक आय वृद्धि, पूर्वाधार विकास तथा सहरी उत्थानशीलता परियोजनालाई प्राथमिकतामा राखिएको छ। उपमहानगरपालिकाले यस वर्ष नगरको सरसफाइ, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, रोजगारी सिर्जना, पूर्वाधार निर्माण तथा नगर सौन्दर्यीकरणलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ।

बजेट ढिला प्रस्तुत भए पनि यसले नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह, व्यवस्थित सहरी विकास तथा दिगो पूर्वाधार निर्माणलाई थप प्रभावकारी बनाउने दाबी नगरप्रमुख साहले गरेका छन्।

उपमहानगरपालिकाका अनुसार कूल बजेटमध्ये नेपाल सरकारबाट प्राप्त हुने ३० करोड ५९ लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान र प्रदेश सरकारबाट प्राप्त हुने करिब २ करोड रुपैयाँ समानीकरण अनुदानलाई स्रोतका रूपमा राखिएको छ।

यसैगरी नेपाल तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाट, ससर्त अनुदान तथा चालु आर्थिक वर्षमा बचत हुने रकमबाट बाँकी स्रोत व्यवस्थापन गरिने उल्लेख छ।

उपमहानगरपालिकाले आगामी वर्ष २० करोड रुपैयाँ आन्तरिक स्रोतबाट संकलन गर्ने लक्ष्य लिएको छ। ढिलो गरी बजेट आएका कारण साउन १ गतेदेखि नै योजनाहरूको कार्यान्वयन प्रक्रिया सुरु गर्न भने प्राविधिक चुनौती थपिन सक्ने देखिन्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

# प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेको सम्बन्ध चिसिएको हो ?



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २९ गते**

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले अघिल्लो साता निजीक्षेत्रका प्रतिनिधि उद्योगी व्यवसायीसँग क्रमशः भेटे। २५ असार २०८३ मा निजीक्षेत्रका उद्योगी व्यवसायीलाई सिंहदरबारमा बोलाएर छलफल गरेका बालेनले दोस्रो दिन निर्माण क्षेत्रका व्यवसायीहरूलाई भेटे।

निजीक्षेत्रका प्रतिनिधि संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका पदाधिकारी एवं व्यवसायीसँग भेटेका प्रधानमन्त्री बालेनले निर्माण क्षेत्रबाट नेपाल निर्माण व्यवसायी महासंघका व्यवसायी प्रतिनिधिहरूसँग भेट गरेका थिए।

यसलगत्तै ऊर्जा क्षेत्रका प्रतिनिधि व्यवसायी, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्षसहित पदाधिकारीहरूसँग समेत छलफल भेट गरेको खुलेको छ। तर, यी व्यवसायिक संस्थाहरूका प्रतिनिधि व्यवसायीहरूसँगको लगातारको भेटघाट छलफलमा प्रधानमन्त्री बालेनले सम्बन्धित विभागीय मन्त्रीहरू एक जनालाई पनि डाकेनन्।

बरु निजीक्षेत्रसँगको पहिलो दिनको भेटमा व्यवसायी समेत रहेकी रास्वपाकी सांसद विदुषी राणा सहभागी भएकी थिइन्। सोबारे राणा आफैंले प्रस्ट पार्दै प्रधानमन्त्रीसँगको निजीक्षेत्रको भेट निकै फलदायी भएको र उद्योगी व्यवसायीहरू उत्साहित भएको खुलासा गरेकी छिन्।

'निजीक्षेत्रबाट छ जना उद्योगी व्यवसायीहरू सहभागी हुनुभएको थियो। प्रधानमन्त्रीसँगको छलफलमा मसमेत सहभागी थिएँ। उहाँहरूले निजीक्षेत्रले भोग्नुपरेको समस्या सहज रूपमा राख्नुभयो र प्रधानमन्त्रीज्यूले सरकारले व्यावसायिक वातावरणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ,' राणाले भनिन्।

उक्त भेटघाट र छलफलपश्चात् उद्योगी व्यवसायीहरू निकै उत्साहित भएर फर्किएका र यसको नतिजा अब उत्पादन र रोजगारीमा देखिने अपेक्षासमेत सरकारले गरेको

बाँकी पृष्ठ ४ ▸▸

## बलात्कार मुद्दाका अभियुक्त एचआईभी संक्रमित ...........

देखाएर इच्छा विपरित पटक-पटक जबरजस्ती करणी गरेको र कसैलाई भनेमा नाङ्गो फोटो सार्वजनिक गरिदिने धम्की दिएका पीडितको भनाई छ।

२०८१ असोज ८ गते पुनः प्रतिवादीले डर त्रास देखाई आफ्ना साथीको दिदीको कोठामा लगेर जबरजस्ती करणी गर्दा अत्याधिक रक्तश्राव भएको पीडितले बताएकी छिन्।

प्रतिवादी विदेश जान खोजेकोमा स्वास्थ्य परीक्षण गर्दा एचआईभी संक्रमित रहेको पुष्टि भएको थियो। प्रतिवादीले गरेको बयान, पीडितको कागज बकपत्र र स्वास्थ्य परिक्षण प्रतिवेदनले जबरजस्ती करणी भएको दाबीलाई पुष्टि भएको अदालतको फैसलामा भनिएको छ। प्रतिवादी समेतले आफू एचआईभी पोजेटिभ रहेको बयानमा स्वीकार गरेको फैसलामा भनिएको छ।

अदालतले प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (घ) अनुसार ११ वर्ष कैद र पाँच लाख रुपैयाँ पीडित राहत कोषमा जम्मा गराउन तथा एचआईभी संक्रमित रहेका कारण थप दुई वर्ष कैद र २० हजार जरिवाना सजाय निर्धारण गरेको हो।

त्यसैगरि अदालतले पीडितलाई कोषमा जम्मा भएको ५ लाख र थप मनासिब माफिकको क्षतिपूर्ति १ लाख मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को कार्यविधि अवलम्बन गरी प्रतिवादीबाट पीडितलाई तुरुन्त भराई दिन फैसलामा भनिएको छ।




## मधेश प्रदेशमा खाल्डाले लिँदैछ बर्सेनि सय बढी ............

करिब ५० फिट लम्बाइ, २५ फिट चौडाइ र ६ फिट गहिरो खाल्डोमा जमेको पानी हाटबजार लाग्ने दिन गाईवस्तुलाई पिउन दिइने गरिन्छ।

सिरहाको यो घटना भएको केही घण्टाकै अन्तरालमा बाराको कलैया उपमहानगरपालिका-११ घोघडरियास्थित एक पोखरीमा ६ वर्षीया बालिका डुबिन्। साँझ करिब ६:३० बजे स्थानीय सन्तोष पासवानकी ६ वर्षीया छोरी राधिका कुमारी नुहाउने क्रममा पोखरीमौ डुबेकी थिइन्।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार परिवारका सदस्य र स्थानीयवासीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुऱ्याए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

यसअघि १४ असारमा रौतहटको गढीमाइ नगरपालिका-१ स्थित बागमती नदीको घरैयाघाटमा डुबेर दुई बालकको मृत्यु भएको थियो।

नदीमा बगिरहेको दाउरा निकाल्ने क्रममा ८ वर्षीय आदित्य यादव र ८ वर्षीय अनिकेस यादव डुबेर बेपत्ता भएका थिए। स्थानीयवासी र सुरक्षाकर्मीको टोलीले उनीहरूलाई उद्धार गरी अस्पताल पुऱ्याए पनि चिकित्सकले बचाउन सकेनन्।

६ जेठ २०८२ मा धनुषाको कमला नगरपालिका-२ सराबे टोल नजिक नवनिर्मित कृषि सडकको खाल्डोमा डुबेर एकै घरका दुई बालकले ज्यान गुमाए। स्थानीय रामबाबु साहका ७ वर्षीय छोरा रितिक साह र उनका भाइ श्यामबाबु साहका ५ वर्षीय छोरा रितिश साह खेल्ने क्रममा बाटो निर्माणका लागि करिब ५ फिट गहिरो खनिएको खाल्डोमा पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए।

कमला नगरपालिकाको १० लाख रुपैयाँको लागतमा कोटेशनमार्फत स्थानीय ठेकेदार राजेन्द्र मण्डलले आफ्नै खेतबाट सडक निर्माण गर्दा सम्झौताविपरीत खनेको गहिरो खाल्डो दुवै बालकको काल बन्यो।

त्यसैगरी, २०८२ साउन २७ गते बिहान पर्साको ठोरी गाउँपालिका-२ हनुमाननगरका मनोज कठायतका ८ वर्षीय छोरा अंश र ४ वर्षीय छोरा आयंश घरबाट खेल्न निस्किएका थिए। घरदेखि करिब १५० मिटर टाढा रहेको ठोरी-१ र २ को बीचबाट बग्ने डेढु खोलामा खेल्ने क्रममा उनीहरू केही समयअघि डोजरले बालुवा निकालेको खाल्डोमा जमेको पानीमा नुहाउन पसे। तर कहिल्यै ननिस्किने गरी अस्ताए।

यी घटनाहरू उदाहरण मात्र हुन्। मधेशका आठवटै जिल्लामा वर्षेनी डुबेर सयभन्दा बढी बालबालिकाले अकालमै ज्यान गुमाउनु परेको छ।

**खाल्डोले बढाएको जोखिम**

विकास निर्माणका लागि खनेर छाडिएका खाल्डा, नदी तथा नदीकिनारमा जथाभावी ग्राभेल उत्खनन्पछि बनेका खाल्डामा जमेको पानी, माछापोखरी तथा अन्य जलाशयहरू अबोध बालबालिकाका लागि काल बन्दै गएका छन्।

पछिल्ला चारवर्षको अवधिमा मधेशमा साढे चार सय बालबालिकाको यस्ता खाल्डा तथा पोखरीमा डुबेर ज्यान गएको प्रहरीको तथ्यांक छ। वर्षेनी सय बढी बालबालिकाको आकालमा डुबेर मृत्यु भइरहेको प्रहरीकै तथ्यांकले देखिन्छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म मात्र मधेश प्रदेशमा डुबेर १११ जना बालबालिकाको अकालमै ज्यान गएको छ।

मृत्यु हुनेमध्ये ५७ जना बालक



र ५४ जना बालिका छन्। सबैभन्दा बढी रौतहटमा २४ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। त्यहाँ १३ जना बालक र ११ जना बालिकाले ज्यान गुमाएका छन्।

त्यसैगरी, सप्तरीमा ६ बालिकासहित १७ जना, सिरहामा ७ बालिकासहित १६ जना, धनुषा र सर्लाहीमा १३-१३ जना बालबालिकाको डुबेर मृत्यु भएको छ। धनुषामा ८ जना बालिका र ५ जना बालक तथा सर्लाहीमा ८ जना बालक र ५ जना बालिकाले ज्यान गुमाएका छन्।

यस्तै, महोत्तरीमा ७ जना बालिका र ५ जना बालक गरी १२ जना, बारामा ६ जना बालक र ५ जना बालिका गरी ११ जना तथा पर्सामा ५ जना बालकको डुबेर मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा पनि डुबेर १५० जना बालबालिकाको मृत्यु भएको थियो। तीमध्ये ९६ जना बालक र ५४ जना बालिका थिए।

यसरी आ.व. ७८।०७९ देखि चालु आ.व. २०८२।०८३ सम्म ४५३ बालबालिकाको मधेशमा डुबेर मृत्यु भएको प्रहरीको तथ्यांकमा देखिन्छ।

चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा मृतकको संख्या केही कम देखिए पनि डुबेर बालबालिकाले अकालमै ज्यान गुमाउने क्रम भने रोकिएको छैन।

त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा ११० जना तथा आर्थिक वर्ष २०७९/८० मा ८२ जना बालबालिकाको डुबेर मृत्यु भएको थियो।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकाल प्रदेशको आठवटै जिल्लामा वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्थामा बालबालिकाले गहिराइको अवस्था नपाएर डुब्ने गरिएको बताउँछन्।

'मधेश प्रदेशका जिल्लाहरुमा सुगम र दुर्गम क्षेत्रहरु छन्। वर्षाको बेला पानी पर्ने र पोखरी, नाला, नहरहरुमा झाड पलाएको अवस्था हुन्छन्। त्यमा गहिराइको अनुभव बालबालिकाले थाहा नपाउने र पसेपछि डुब्ने गरेको विगतको घटनाको प्रकृतिहरुबाट देखिएको छ' उनले भने।

**किन भइरहेछ यस्तो ?**

बालबालिका डुबेर मृत्यु हुने क्रम बढ्नुमा गाउँ-गाउँमा रहेका माछा पोखरी, नुहाउने तथा लुगा धुने पोखरी, विकास निर्माणका लागि खनेर छाडिएका खाल्डाखुल्डी तथा निजी जग्गा, खोला र नदी किनारबाट माटो तथा ग्राभेल उत्खनन गरी छाडिएका खाल्डाहरू प्रमुख कारण बनेका छन्।

मधेशका कमला, औरही, रातु, बागमतीलगायत प्रायः सबै नदी किनारमा स्थानीय सरकार र प्रहरी प्रशासनकै मिलेमतोमा ग्राइभेल उत्खन्न भएको गहिरा खाल्डा पर्याप्त देख्न सकिन्छ।

यस्तै सडक निर्माणको क्रममा छेउबाट माटो झिकेको खाल्डोहरु पनि मधेशमा धेरै छन्। ती खाल्डाहरू वर्षायाममा पानीले भरिएपछि बालबालिकाका लागि ठूलो जोखिम बन्छन्।

खेल्ने क्रममा सामान्य पानी ठानेर पस्ने बालबालिका गहिराइको अनुमान गर्न नसक्दा डुबेर ज्यान गुमाउने गरेका छन्। यस्ता खाल्डाखुल्डीको व्यवस्थापनमा स्थानीय सरकार र सम्बन्धित निकाय गम्भीर नदेखिएको आम जगुनासो छ।

उत्खनन् रोक्न नसक्ने र उत्खननपछि खाल्डा व्यवस्थापन गर्न पनि बेवास्ता गर्ने प्रवृत्तिका कारण गरिब तथा मध्यमवर्गीय परिवारका बालबालिका सबैभन्दा बढी जोखिममा परेका छन्।

पछिल्लो समय निजी जग्गाबाट माटो र ग्राभेल बिक्री गर्ने क्रम पनि बढेको छ। २५/३० फिटसम्म गहिरा खाल्डा खनेर खुला छाड्ने प्रवृत्ति पनि छ। यसमाथि प्रभावकारी नियमन गर्न सरकारले अझै सकिरहेको छैन।

विकास निर्माणका क्रममा सडक छेउमा खनिएका खाल्डाले पनि बालबालिकाको ज्यान लिइरहेको छ।

यस्ता दुर्घटनाको शिकार प्रायः गरिब तथा विपन्न परिवारका बालबालिका बन्ने गरेका छन्। अभिभावक दैनिक जीविकोपार्जनका काममा व्यस्त हुँदा बालबालिका खेल्दै त्यस्ता जोखिमयुक्त स्थानमा पुग्ने र दुर्घटनामा पर्ने गरेको देखिन्छन्।

यी घटनाको न्यूनीकरणका लागि तीनै तहका सरकारले अपेक्षित पहल गर्न नसकेको देखिन्छ। सबभन्दा बढी जिम्मेबार स्थानीय सरकार हुनु पर्ने हो।

सिरहाका प्रहरी प्रवक्ता रमेश पाल भन्छन्, 'हामीले बैठक तथा छलफलहरूमा बालबालिका डुब्ने सम्भावित जोखिमका कुरा उठाइरहेका हुन्छौं। यसमा सबभन्दा बढी ध्यान स्थानीय सरकारले दिनु पर्ने हो। सचेतना फैलाउनु पर्ने हो। यसले घटनाहरु न्यूनीकरण हुन सक्छ।'

मधेश मामिलाका जानकार तुलानारायण साह मधेशमा बालबालिका डुबेर हुने अधिकांश मृत्यु वर्गीय समस्यासँग जोडिएको बताउँछन्।

'डुब्ने घटनामा प्रायः गरिब परिवारका बालबालिका पर्दै आएका छन्। सम्पन्न परिवारले बालबालिकाको राम्रो रेखदेख गर्न सक्छन्,' उनले भने, 'तर गरिब परिवारका अभिभावक जीविकोपार्जनमा व्यस्त हुँदा बालबालिका खेल्ने क्रममा पोखरी, नाला र खाल्डाखुल्डीमा पुगेर दुर्घटनामा पर्ने गरेका छन्।' उनले यस्ता घटनामा राज्य र सरोकारवाला जिम्मेवार हुनुपर्ने पनि बताए।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालका अनुसार वर्षायाममा बालबालिका डुब्ने घटनाप्रति सबै पक्ष सचेत हुन आवश्यक छ।

'अभिभावकले बालबालिका कहाँ गएका छन्, के गरिरहेका छन् भन्ने विषयमा निरन्तर निगरानी राख्नुपर्छ,' उनी भन्छन्, 'घरवरिपरिका नाला, पोखरी र खाल्डाखुल्डी सफा गर्ने, आवश्यक स्थानमा पुर्ने तथा तारबार लगाउने काममा समुदायको सक्रिय सहभागिता आवश्यक छ।'

एसपएसपी ढकालका अनुसार प्रदेश प्रहरी कार्यालयदेखि जिल्ला, इलाका र प्रहरी चौकीसम्मका इकाइले टोलटोलमा पुगेर डुब्ने जोखिमबारे जनचेतना अभियान सञ्चालन गरिरहेका छन्।

यस्ता जोखिम न्यूनीकरणका लागि पालिका, वडा तहबाटै सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने उनको भनाइ छ।

# विदेशी मुद्रा सञ्चिति ऐतिहासिक उच्च, पुग्यो करिब साढे ३७ खर्ब रूपैयाँ

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २९ गते**

रेमिटेन्स बढेसँगै मुलुकको विदेशी मुद्राको सञ्चितिमा रेकर्ड बन्ने क्रमले निरन्तरता पाइरहेकै छ।

चालु आर्थिक वर्ष २०८२-८३ को ११ महिना (साउनदेखि जेठ) मा विदेशी मुद्रा सञ्चिति ३७ खर्ब ५५ अर्ब रूपैयाँ पुगेको छ।

डलरको आधारमा पनि हालको सञ्चिति ऐतिहासिक उच्च हो। हाल यस्तो सञ्चिति २४ अर्ब ६७ करोड डलर छ।

रेमिटेन्समा भइरहेको वृद्धिले विदेशी मुद्राको सञ्चिति बढाएको हो। यो ११ महिनासम्म २१ खर्ब २० अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको छ।

यो अवधिमा रेमिटेन्स भित्रिने दर ३७ प्रतिशतभन्दा धेरैले बढेको हो। मुलुकमा रहेको विदेशी मुद्राको यस्तो सञ्चितिले १९ महिना ३ दिनको वस्तु तथा सेवाको आयात धान्न सक्छ।

यो पर्याप्तता सूचक उच्च हो। नेपालमा सात महिनासम्मको आयात धान्ने सञ्चिति भए पर्याप्त भएको मानिन्छ।

दस महिनाको यो अवधिमा आयात १५.२ प्रतिशतले बढेर १८ खर्ब ९४ अर्ब रूपैयाँ पुगेको छ।

अघिल्लो वर्षको यही अवधिमा १६ खर्ब ४४ अर्ब रूपैयाँको आयात भएको थियो।

# वर्षाले पनि रोकेन मिटरब्याजपीडितको पैदल यात्रा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २९ गते**

गत बिहीबारदेखि जनकपुरधामबाट काठमाडौंतर्फ पैदल हिँडेका मिटरब्याजपीडितहरू निरन्तर वर्षाका बीच सोमबार बाराको पथलैयाहुँदै निजगढ आइपुगेका छन्।

सरकारसँग भएका सहमतिहरू कार्यान्वयन नभएको भन्दै मिटरब्याजपीडितहरूले फेरि एकपटक न्यायको माग गर्दै काठमाडौंसम्मको पैदल यात्रा सुरु गरेका हुन्।

मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको केन्द्रीय आयोजनामा असार २५ गतेदेखि जनकपुरधामको तिरहुतिया गाछीबाट सुरु भएको




'मिटरब्याजविरुद्ध पैदल न्याय मार्च-३' अहिले मधेश प्रदेश पार गर्दै बागमतीतर्फ अघि बढिरहेको छ।

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक नगरी जनकपुरधाम

**धनुषा, असार २९ गते।** मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रूपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ।

प्रत्येक वर्ष लाखौं स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ।

जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गंगासागर, विभिन्न प्राचीन मठ-मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवले जनकपुरधामको पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएका छन्। विशेषगरी भारतसँगको सांस्कृतिक सम्बन्ध, राम-जानकी विवाह परम्परा र विवाहपञ्चमी महोत्सवले धार्मिक पर्यटनलाई थप जीवन्त बनाएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्ने बताए। धार्मिक पर्यटनलाई रोजगारी, लगानी र स्थानीय उत्पादनसँग जोडेर अघि बढाउने प्रदेश सरकारको नीति रहेको उनको भनाइ छ।

पर्यटन पूर्वाधार विस्तार, सडक सुधार, सरसफाइ, सुरक्षा तथा पर्यटकमैत्री वातावरण निर्माणलाई प्रदेश सरकारले प्राथमिकता दिएको उनले उल्लेख गरे। जनकपुरधामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न मन्त्रालयले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले बताए। जनकपुर-अयोध्या धार्मिक सर्किट, निजी क्षेत्रसँगको सहकार्य, पर्यटन पूर्वाधार विस्तार तथा मिथिला संस्कृतिको अन्तर्राष्ट्रिय प्रवर्द्धन



सरकारको प्राथमिकतामा रहेको उनले जानकारी दिए।

हिन्दू धर्मावलम्बीको प्रमुख तीर्थस्थलका रूपमा रहेको जानकी मन्दिरमा दैनिक हजारौं श्रद्धालुले दर्शन गर्ने गरेका छन्। दैनिक हुने गंगाआरती, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलनोत्सव, दीपावली र छठजस्ता पर्वमा यहाँ लाखौं श्रद्धालुको उपस्थिति रहने गर्दछ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोषण दास वैष्णवले जनकपुरधाम सम्पूर्ण हिन्दू समुदायको आस्थाको केन्द्र भएकाले यसको धार्मिक गरिमा, मौलिकता र सम्पदाको संरक्षणमा सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए।

महन्त राम तपेश्वर दास वैष्णवले जनकपुरधाम धार्मिक आस्था मात्र नभई मिथिला सभ्यता, संस्कृति र आध्यात्मिक जीवनदर्शनको केन्द्र भएको बताए। धार्मिक पर्यटनलाई संस्कृति संरक्षणसँग जोडेर अघि बढाउनुपर्ने उनको धारणा छ।

राम-जानकीसँग सम्बन्धित सम्पूर्ण धार्मिक स्थललाई एउटै धार्मिक पर्यटन मार्गका रूपमा विकास गर्न सके जनकपुरधाम विश्वस्तरीय गन्तव्य बन्न सक्ने सम्भावना रहेको उनले बताए।

जनकपुरधाम धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको पनि महत्वपूर्ण केन्द्र हो। मिथिला चित्रकला, मैथिली भाषा, लोकसंस्कृति, परम्परागत वेशभूषा, स्थानीय परिकार तथा सांस्कृतिक सम्पदाले पर्यटकलाई आकर्षित गरिरहेका छन्। विशेषगरी मिथिला चित्रकलाले अन्तर्राष्ट्रिय बजारमा समेत छुट्टै पहिचान बनाएको छ। जनकपुरधामको महत्व धार्मिक पर्यटनमा मात्र सीमित नरही मिथिला सभ्यता, इतिहास, भाषा, साहित्य र संस्कृतिसँग जोडिएको छ। यसको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न अनुसन्धान, अभिलेखीकरण र प्रभावकारी प्रचारप्रसार आवश्यक रहेको सरोकारवालाको भनाइ छ।

धार्मिक पर्यटनसँगै शैक्षिक तथा अनुसन्धान पर्यटनको विकासमा पनि जनकपुरधामको ठूलो सम्भावना रहेको छ। धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। होटल, लज, रेस्टुरेन्ट, यातायात, धार्मिक सामग्री, हस्तकला, मिथिला चित्रकला, फूलमाला, प्रसाद, स्थानीय मिठाई तथा साना व्यवसाय धार्मिक पर्यटककै कारण फस्टाउँदै गएका छन् भने हजारौं स्थानीयले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाएका छन्।

जनकपुरधाम आउने पर्यटकको यकिन तथ्यांक उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयसँग छैन। मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार पर्यटक आगमनको एकीकृत र अद्यावधिक अभिलेख प्रणाली नहुँदा आधिकारिक तथ्यांक उपलब्ध गराउन कठिनाइ भएको छ। पर्यटकको यथार्थ तथ्यांक संकलन, अभिलेखीकरण तथा पर्यटन व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने दिशामा मन्त्रालयले आवश्यक पहल गरिरहेको उनले बताए।

उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले धार्मिक पर्यटन स्थानीय व्यापार र सेवा क्षेत्रको मेरुदण्ड बनेको बताए। गुणस्तरीय होटल, आधुनिक सुविधा र व्यवस्थित बजार विकास गर्न सके पर्यटकको बसाइ अवधि बढाउन सकिने उनको भनाइ छ।

सार्वजनिक-निजी साझेदारीमार्फत पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्नेमा उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका सल्लाहकार मनिषरमण साहले जोड दिए। धार्मिक पर्यटनलाई उद्योग, व्यापार, स्थानीय उत्पादन र रोजगारीसँग जोड्न सके मधेश प्रदेशको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने उनले बताए।

विवाहपञ्चमी, रामनवमी, छठ, सीता नवमी तथा अन्य धार्मिक पर्वका बेला होटलहरूको 'अकुपेन्सी' उल्लेख्य रूपमा बढ्ने गरेको बताइन्छ। जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा, पर्याप्त आवास, आधुनिक सुविधा र पर्यटनमैत्री वातावरण आवश्यक रहेको सरोकारवालाको भनाइ छ। जनकपुरधामलाई धार्मिक पर्यटनसँगै सांस्कृतिक तथा सम्मेलन पर्यटनको केन्द्रका रूपमा विकास गर्न सके होटल व्यवसायसहित समग्र स्थानीय अर्थतन्त्रले थप गति लिने विश्वास व्यक्त गरिएको छ।

जनकपुरधाममा पार्किङ, सूचना केन्द्र, बहुभाषिक पर्यटक मार्गदर्शक, सरसफाइ, डिजिटल सूचना प्रणाली, हरियाली संरक्षण तथा आधुनिक पूर्वाधार विस्तारमा अझै काम गर्नुपर्ने आवश्यकता रहेको औंल्याइएको छ। धार्मिक सम्पदाको संरक्षणसँगै आधुनिक व्यवस्थापनलाई प्राथमिकता दिन सके जनकपुरधाम दक्षिण एसियाकै उत्कृष्ट धार्मिक पर्यटन गन्तव्य बन्न सक्ने जनाइएको छ।

धार्मिक आस्था, मिथिला सभ्यता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता, स्थानीय आतिथ्य र बढ्दो पूर्वाधार विकासका कारण जनकपुरधाम नेपालको पर्यटन क्षेत्रको उज्ज्वल भविष्य बोकेको नगरीका रूपमा स्थापित हुँदै गएको छ। धार्मिक पर्यटनलाई दिगो विकास, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिसँग जोड्न सके जनकपुरधामले नेपालको पर्यटन क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। रासस

## होल्डिङ सेन्टर पुगेर शिक्षामन्त्री ...............

त्यसको विवरण संकलन गरिएको छ।

मन्त्रालयका अनुसार बोडेस्थित १८ जना र खरिपाटीमा २१ जना बालबालिका छन्।

उनीहरू पहिले बल्खु, गैरीगाउँ, बबरमहल, बिजुलीबजार, थापाथली, नयाँबानेश्वर, तीनकुने लगायतका ठाउँमा पढ्दै आएका थिए।

बस्ती भत्किएपछि कतिपय विद्यार्थीहरू अन्यत्र विद्यालयमा पढ्न थालेका छन्।

मन्त्री पोखरेलको सचिवालयका अनुसार मंगलबारदेखि बसबाट ती बालबालिकालाई विद्यालय पुऱ्याउने भएको हो।

'अहिलेलाई बसमार्फत उहाँहरू पढ्दै आएको विद्यालयमा लग्ने/फर्काउने काम हुन्छ। पछि आवश्यक परे उहाँहरूलाई पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न पनि सकिन्छ,' सचिवालय सदस्यले भने।

## मधेशमा २० प्रतिशत घरधुरीले मात्र पाउँछन् ...............

जल पुनर्भरण तथा जलस्रोत व्यवस्थापनसम्बन्धी विषयलाई समेटिएको छ।

डा. पाण्डेका अनुसार मधेशमा सहरी क्षेत्रमा समेत खानेपानीको व्यवस्थित आपूर्ति हुन नसकेको र ग्रामीण तथा सीमान्तकृत समुदाय अझ बढी प्रभावित रहेको अध्ययनले देखाएको छ। नियमित मर्मत सम्भारको अभावमा धेरै सामुदायिक ह्यान्डपम्प तथा स्यालो ट्युबवेल प्रयोगविहीन बनेको प्रतिवेदनमा उल्लेख छ।

सचिव डा. पाण्डेले प्रस्तुत गरेको प्रतिवेदनले मधेश प्रदेशमा भूमिगत जलको पुनर्भरण र निष्कासनबीच सन्तुलन बिग्रँदै गएको देखाएको छ। विगतमा भूमिगत जल पुनर्भरणको अवस्था सकारात्मक रहे पनि पछिल्ला वर्षमा अत्यधिक दोहन, जनसंख्या वृद्धि र अव्यवस्थित विकासका कारण पानीको स्रोतमा दबाब बढेको निष्कर्ष निकालिएको छ।

अध्ययनका क्रममा मधेशका विभिन्न क्षेत्रमा भूमिगत पानीको सतह घट्दै गएको पाइएको छ। विशेषगरी ग्रामीण क्षेत्रमा प्रयोग हुने स्यालो ट्युबवेल र ह्यान्डपम्पहरू सुक्दै गएको तथा गरिब तथा विपन्न समुदायमा खानेपानीको पहुँच थप कठिन बन्दै गएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले मधेशमा ४ सयभन्दा बढी खानेपानी आयोजना पर्याप्त बजेट, समुदायको सहभागिता र व्यवस्थापनको अभावका कारण सञ्चालनमा आउन नसकेको जनाएको छ। त्यस्तै ढल प्रशोधन तथा फोहोर व्यवस्थापनको अवस्था कमजोर रहेको र यसले जनस्वास्थ्यमा असर पारिरहेको औंल्याइएको छ।

समितिको अध्ययनले खानेपानी समस्या केवल स्रोतको मात्र नभई व्यवस्थापन र शासन प्रणालीसँग पनि जोडिएको निष्कर्ष निकालेको छ। संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वयको अभाव तथा एकीकृत तथ्याङ्क प्रणाली नहुँदा समस्या समाधानमा कठिनाइ भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा तत्काल राहत तथा पुनःस्थापनादेखि दीर्घकालीन जलस्रोत व्यवस्थापनसम्मका सुझाव दिइएको छ। भूमिगत जलको दिगो उपयोग, जल पुनर्भरण क्षेत्रको संरक्षण, चुरे-भावर क्षेत्रको संरक्षण, खानेपानी पूर्वाधारमा लगानी वृद्धि र एकीकृत जलस्रोत व्यवस्थापनलाई प्राथमिकतामा राख्न सुझाव दिइएको छ।

समितिले तयार गरेको प्रतिवेदनमा नीतिगत सुधारका लागि भूमिगत जल दोहन व्यवस्थापन नीति, जलस्रोत संरक्षण तथा पुनर्भरणमा लगानी, संघ-प्रदेश-स्थानीय तहबीच समन्वय, अनुसन्धान तथा अनुगमन प्रणाली विकास, समुदायस्तरमा जनचेतना अभिवृद्धि र विपद् पूर्वतयारीसम्बन्धी व्यवस्था गर्न सिफारिस गरिएको छ।

समिति सचिव पाण्डेले प्रतिवेदनलाई सुझावसहित अन्तिम रूप दिएर सरकार कार्यान्वयनका लागि पठाउने तयारी भइरहेको जानकारी दिए।

## प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेको .............

उनले बताइन्। तर, सोही छलफल कार्यक्रममा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्रीको अनुपस्थितिलाई भने निकै अर्थपूर्ण ढंगबाट हेरिएको छ।

**प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेको सम्बन्ध चिसिएको हो ?**

निजीक्षेत्र, उद्योगी व्यवसायीहरूसँग प्रधानमन्त्री बालेनले लगातार भेटघाट र छलफल गर्दैगर्दा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सहभागी नगराउनुलाई धेरैले प्रधानमन्त्री र अर्थमन्त्रीबीचको सम्बन्धलाई लिएर चर्चा गरिरहेका छन्। पछिल्लो समय पार्टी राजनीतिको असर रास्वपा सरकारमा समेत परेको आकलन धेरैले गरेका छन्।

सभापति रवि लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री बालेनबीच पार्टी राजनीतिमा केही टकरावको स्थिति बन्दा रविनिकट उपसभापति वाग्ले र बालेनबीच केही दरार उत्पन्न भएको चर्चा चलेको छ। प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेको सम्बन्ध केही चिसिन पुगेको चर्चा छ। यही कारण प्रधामन्त्री बालेनले निजीक्षेत्रसँगको निरन्तरको छलफलमा अर्थमन्त्री वाग्लेलाई सहभागी नगराएको र कुनै सरोकार नराखेको चर्चा छ।

यहीबीचमा प्रधानमन्त्री बालेनले आफू नेतृत्वको क्याबिनेटका शक्तिशाली मन्त्री आफूपछिको वरीयताको दोस्रो नम्बरमा रहेका अर्थमन्त्री वाग्लेलाई नै हटाउने तयारी गरिरहेको भन्नेसम्मको चर्चा चलिरहेको छ। केही सञ्चारमाध्यमहरूले यस विषयमा समाचारसमेत बनाएका छन्। तर, मन्त्री वाग्लेको सचिवालयले भने यसलाई अस्वीकार गरेको छ।

वाग्लेको सचिवालयका एक सदस्यले भने, 'यो हल्ला निराधार र शतप्रतिशत झुट हो। प्रधानमन्त्रीज्यूसँग मन्त्रीको सम्बन्धमा कुनै समस्या छैन। उहाँहरूको नियमित भेटघाट र छलफल भइरहेकै छ।' अर्थमन्त्री वाग्लेलाई हटाउने चर्चाको खण्डन गर्दै उनले थपे, 'हाम्रा मिडियाहरूले किन यस्तो गलत प्रचार गरिरहेका छन्, हामी अचम्मित छौं।'

सोही अवसरमा उनले बरु लगानी भित्र्याउने सन्दर्भमा प्रधानमन्त्री बालेनले अर्थमन्त्री वाग्लेलाई अन्तर्राष्ट्रिय बजारमा निस्कन र सक्दो लगानी भित्र्याउन भनेका ती सचिवालय सदस्यले जानकारी दिए। उनले भने, 'प्रधानमन्त्रीज्यूले अर्थमन्त्रीलाई विदेशी लगानी भित्र्याउन सक्दो काम गर्न भनिसक्नुभएको छ। विश्व मार्केटमा गएर लगानी ल्याउन भनिसक्नुभएको छ। अब केही दिनपछि नै यो अभियानमा अर्थमन्त्रीज्यू बाहिर निस्कनुहुन्छ।'

प्रधानमन्त्री र अर्थमन्त्रीको सम्बन्धका बारेमा प्रधानमन्त्रीको सचिवालयले भने अनभिज्ञता देखाएको छ।